म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ३१४ २०८१ असोज २१ गते सोमबार 7 October 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## काभ्रेमा थप ५ जनाको शव फेला

हेटौंडाः काभ्रेमा पहिरोमा परी बेपत्ता रहेकामध्ये थप पाँच जनाको शव फेला परेको छ। शनिबार रोशी गाउँपालिका-४ स्थित सिरानडाँडाका एकै परिवारका ५ जनाको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ। असोज १२ गते पहिरोले घर पुर्दा बेपत्ता भएका ७१ वर्षीय चन्द्र बहादुर तामाङ, उनकी श्रीमती ५५ वर्षीय कान्छी माया, कान्छा छोरा २६ वर्षीय डिल्ली बहादुर तामाङ, उनकी ५ वर्षीय छोरी सफल तामाङ र माइला छोरा छेगु तामाङकी ६ वर्षीय बुद्धि मायाको शव फेला परेको हो। शनिबार दिउँसो प्रहरी घटनास्थलमा पुगेर कानुनी प्रकिया पुरा गरी शव आफन्तलाई जिम्मा लगाएको जनाएको छ।

# सिमखोलामा डाइभर्सन बनाएर हेटौँडा-काठमाडौं जोड्ने सडक खुल्यो



सडक सुचारु भएपछि चालकलाई खादा ओढाएर सवारी खुलाउनु हुँदै मन्त्री मास्के।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-काठमाडौं छोटो दुरीका सडक सञ्चालनमा आएको छ। आइतबार साँझबाट ४ वटा छोटो मार्ग सञ्चालनमा आएको हो। हेटौंडा-काठमाडौं छोटो दुरीको हेटौंडा-फाखेल-काठमाडौं, हेटौंडा-कुलेखानी-चखेल-मातातीर्थ, हेटौंडा-कुलेखानी-मार्खु-चित्लाङ-चन्द्रागिरी र हेटौंडा-कुलखानी-सिस्नेरी-दक्षिणकाली सडक संचालनमा आएको हो। पहिरोले क्षति पुऱ्याएका सडकहरु मर्मत गरेर संचालनमा ल्याइएको यातायात पूर्वाधार निर्देशानलयका निमित्त निर्देशक पुस्कर प्रसाद पोखरेलले जानकारी दिनुभएको छ।

उहाँका अनुसार सबै सडकहरुमा मर्मत सकिएर सञ्चालनमा ल्याइएको छ। कुलेखानी ड्याम भन्दा तल सिमखोला पुलमा डाइभर्सन निर्माण गरिएको छ। उक्त डाइभर्सन निर्माण पश्चात एकै पटक ४ सडकलाई जोड्ने काम भएको उहाँले बताउनुभयो। सिमखोला डाइभर्सन निर्माण पश्चात फाखेल तर्फका ३ र सिस्नेरी दक्षिणकाली सडकको समेत पहुँच पुगेको उहाँको भनाई छ। सिमखोलाको पुलमा कुलेखानी ड्यामको पानीले क्षति पुगेपछि बन्द भएको सडक डाइभर्सन निर्माण गरी सञ्चालन गरिएको निमित्त निर्देशक पोखरेलले बताउनुभयो।

सिस्नेरी-दक्षिणकाली सडक भने परीक्षणका रुपमा खोलाको किनारबाट सामान्य ट्र्याक बनाएर सवारी पास गराइएको भएपनि पूर्ण रुपमा काम भइनसकेको उहाँको भनाइ छ। हेटौंडा-फाखेल-काठमाडौं सडक मार्ग दशैं लक्षित गरेर संचालनमा ल्याइएको हो। पहिरोले अवरुद्ध भएको उक्त सडक मर्मत गरी अस्थायी रुपमा संचालनमा ल्याइएको हो। प्रदेश सरकारको प्रादेशिक सडक गुरुयोजना अन्तर्गत प्रदेश मार्गको रुपमा रहेको उक्त सडकहरु पहिरोले बन्द भएको ७ दिन पछि खुलेको हो। गत असोज १२ मा भएको वर्षाका कारण कुलेखानीमा सिमखोला पुलको पहुँच सडक बगाएको थियो भने फाखेल तर्फको महालक्ष्मी खोला पुल र आसपासका सडक बगाएको थियो।

कुलेखानी सिमखोला पुलमा करिव १०० मिटर र महालक्ष्मी खोला वारीपारी गरेर करिव ७०० मिटर सडक बगाएको थियो। मुख्यगरी २ स्थानमा क्षति भएको फाखेलतर्फको सडकमा डाइभर्सन र ट्र्याक निर्माण गरीएको छ। प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयको नेतृत्वमा उक्त सडकहरु संचालनका लागि काम सुरु गरेको थियो। निर्देशनालयको कमाण्डमा फाखेल र सिस्नेरी सडकमा एकै पटक काम सुरु गरेको थियो।

दुई तर्फबाट सडक संचालनका लागि निर्देशनालयले ३ खण्डमा काम गर्दै आएको थियो। फाखेल सडक संचालन गर्ने योजना अनुसार निर्देशनालयले हेटौंडा, काठमाडौं र हुमानेबाट एकै पटक मेसिन प्रयोग गरेर सडक मर्मतको काम थालेको थियो। असोज १२ र १३ मा काठमाडौंबाट प्रवेश गरेको जेसिवीले हुमाने हुँदै महालक्ष्मी खोलासम्म सडक मर्मत गरेको थियो।

महालक्ष्मी खोलाबाट १२ गतेदेखि नै काम सुरु गरेको २ वटा जेसीवीले कुलेखानीसम्मको पहुँच पुऱ्याउने गरी काम गरेको थियो। करिव ७०० मिटर सडकको ट्र्याक निर्माण गर्न ४ दिनसम्म २ जेसिवी, स्काभेटर, रोलर र टिपरको प्रयोग भएको थियो। काठमाडौंबाट आएको जेसिवी र चखेल खण्डमा सडक निर्माण गरिरहेको मेसिनले मातातीर्थ सडकको ठुला-साना पहिरोहरु पन्छाएको थियो। हेटौंडातर्फबाट २ जेसिवीले भैसे-भिमफेदी हुँदै कुलेखानी प्रवेश गर्ने गरी काम गरिरहेको थियो। असोज १३ गते नै कुलेखानी पुगेका २ जेसिवी भीमफेदीमा पहिरो खसेपछि फर्किएका थिए। भीमफेदीका पहिरो हटाएर १४ असोजमा सो जेसिवी कुलेखानी पुगेको थियो।

उक्त जेसिवीले एक स्काभेटर र टिपरको प्रयोग गरी सिमखोलाको पुल निर्माणको काम गरेको थियो। तत्काल पुल निर्माण गर्ने अवस्था नरहेपछि सडक डाइभर्सनको तयारी निर्देशनालयले गऱ्यो। सिमखेला पुल नपुग्दै ५०० मिटर अगाडिबाट नयाँ ट्र्याक निर्माण गरी सडक संचालनमा गर्ने उद्देश्य अनुसार १५ असोजमा २ जेसिवी खोलामा झारियो। जेसिवीले निर्माण गरेको अस्थायी ट्र्याकमा स्काभेटर र टिपरको प्रयोग गरेर बाटोमा माटो भर्ने काम गरिएको थियो। खोलामा ४ वटा ह्युमपाइपको प्रयोग गरेर खोलालाई सडकबाट डाइभर्ट गरिएको थियो। उक्त डाइभर्सनले कुलेखानीको पुललाई बाइपास गरेर हेवी जोड्ने काम गरेको छ।

काठमाडौंबाट आएका जेसिवी र टिपरले महालक्ष्मी खोलालाई पुलतर्फ फर्काउने काम गरेका थिए। पुलको माथिल्लो भागमा १५० मिटर उकालो सडक बगाएको थियो। जहाँ खोलामा भएका ग्राभेल तानेर सडकको ट्र्याक बनाइएको छ। पुलको पारी तर्फको करिव ५०० मिटर सडकमा बगिरहेको महालक्ष्मी खोलालाई पुरानै अवस्थामा फर्काउने काम गरिएको थियो। ट्र्याक समेत नभएको उक्त सडकमा अस्थायी ट्र्याक कायम गरी तत्कालका लागि बाटो संचालनमा ल्याइएको थियो।

यता सिस्नेरीतर्फ ज्यामिरेदेखि सडकको ट्र्याक खोलाको कब्जामा परेको थियो। निर्देशनालयले खोलाको बगरमा नै अस्थायी ट्र्याक निर्माण गरेको छ। ३ किलोमिटर दुरीमा रहेको सिस्नेरी बजार सम्म नै खोलाको बगरबाट ट्र्याक बनाइएको छ। सिस्नेरीको टेकर बजार प्रवेश नै नगराई बगरबाटै सवारी साधनहरु सिस्नेरी पुऱ्याइएको छ। सिस्नेरीबाट काठमाडौंतर्फको खण्डमा रहेका ४० वटा पहिरो पन्छाएर निर्देशनालयले सडकमा यातायात संचालन गरेको छ। दक्षिणकालीमा २०० मिटर लम्बाईको सडकको ट्र्याक बगाएको छ। सो स्थानमा सडक खुलाउन व्यक्तिगत जग्गाबाट डाइभर्सन बनाइएको छ।

# सरकारको अनुभुति गराएका छौं: मन्त्री मास्के

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री अमन कुमार मास्केले विपद्को समयमा नागरिकलाई अनुभूत हुने गरी काम गरेको बताउनुभएको छ। विपद् प्रभावित क्षेत्रका नागरिकहरुलाई सरकारको उपस्थिति अनुभूति दिलाउन प्रदेश सरकारले काम गरेको उहाँले बताउनुभयो।

उहाँका अनुसार मन्त्रालयले प्रदेशका १३ जिल्लामा विपद् प्रभावित सडकहरुलाई मर्मत गर्ने काम गरेको छ। रामेछाप, काभ्रे, सिन्धुली लगायतका स्थानमा विभिन्न माध्यमबाट सडक सञ्जाल संचालनका लागि मन्त्रालयले काम गरेको उहाँले बताउनुभयो। मन्त्री मास्केका अनुसार हेटौंडा-काठमाडौं जोड्ने सबै सडकहरु अस्थायी रुपमा संचालनमा ल्याइएको छ। मुख्यगरी प्रदेश सरकारको लगानीमा निर्माण भएका सबै सडकहरु ९ दिनको मिहिनेतमा संचालनमा ल्याउन सफल भएको उहाँको भनाई छ।

हेटौंडा-कुलेखानी-काठमाडौं सडकखण्डमा फाखेलतर्फ एक, सिस्नेरीमा ३ र कुलेखानीमा एउटा डाइभर्सन निर्माण गरेर सडक संचालनमा ल्याइएको उहाँले जानकारी दिनुभयो। हाल हेटौंडा-कुलेखानी-फाखेल-काठमाडौं, हेटौंडा-फाखेल-मातातीर्थ, हेटौंडा-कुलेखानी-मार्खु-चित्लाङ-चन्द्रागिरी, हेटौंडा-कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडक संचालनमा ल्याइएको उहाँले बताउनुभयो। सिस्नेरी खण्डमा ज्यामिरेबाट सोझै सिस्नेरी बजारसम्म ३ किलोमिटर सडक बगाएको स्थानमा खोलाको किनारबाट डाइभर्सन निर्माण गरेर सडक संचालनमा ल्याइएको मन्त्री मास्केले बताउनुभयो। दक्षिणकाली खण्डमा व्यक्तिगत जग्गामा डाइभर्सन बनाएर काठमाडौंसंगको सडक सञ्जाल जोडिएको उहाँले स्पष्ट पार्नुभयो।

फाखेल खण्डमा महालक्ष्मी खोलाको पुलमा डाइभर्सन निर्माण गरिएकोले सो सडकबाट हाल हुमाने हुँदै काठमाडौं र चखेल हुँदै मातातीर्थबाट काठमाडौं यात्रा गर्न सकिने उहाँको भनाई छ। सडक संचालनसँगै भैपरी आउने समस्या हल गर्न कुलेखानी-सिमखोला डाइभर्सनमा स्काभेटर र जेसीवी, सिस्नेरीमा स्काभेटर, महालक्ष्मी खोलामा जेसीवी तयारी अवस्थामा राखिएको मन्त्री मास्केको भनाई छ। उक्त सडक भएर यात्रा गर्ने सुमोहरुलाई सिस्नेरी सडक र साना सवारीहरुलाई फाखेल सडक प्रयोग गर्नेगरी व्यवस्था गरिएको उहाँले बताउनुभयो।

सो सडकहरु मर्मतका लागि प्रदेश सरकारले इन्धन, मेसिनरी औजार मर्मत तथा भाडा, जनशक्ति परिचालन तथा खाना खर्चमा लगानी गरेको उहाँले जानकारी दिनुभयो। अस्थायी रुपमा तयार गरिएको सडकहरुको दीर्घकालीन योजना निर्माणका लागि मन्त्रालय सक्रिय रहेको र स्रोत सुनिश्चिततासहित सडकहरु दीर्घकालीन रुपमा निर्माण गरिने उहाँको भनाई छ।

# भट्टराईले त्यागे माओवादी

समाज संवाददाता

हेटौडाः नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को नेपाल उद्योग व्यापार महासंघ मकवानपुर जिल्ला कमिटीको अधिवेशनको विषयमा असन्तुष्टि जनाउँदै महासंघका कार्यबाहक अध्यक्ष अजिव भट्टराईले पार्टी परित्याग गर्नुभएको छ। व्यापार महासंघको आइतबार भएको विस्तारित भेलाले राष्ट्रिय स्वतन्त्र पार्टीबाट पुनः माओवादीमै फर्किएका जगदिश दाहालको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो। विगत एक वर्षदेखि स्थगन भएको अधिवेशनलाई नाटकीय ढंगबाट पूर्णता दिने काम भएको भट्टराईले भनाइ छ।

"करिब १ वर्षअघि कार्यबाहक अध्यक्षको रुपमा रहेको मेरो नेतृत्वमा अधिवेशन गरी पुरानो कमिटी भंग गरेर नयाँ कमिटी गठनका लागि संजिव पाठकको नेतृत्वमा बनेको निर्वाचन कमिटीले अध्यक्षको उम्मेदवारको १० हजार दस्तुर समेत लिएको थियो। अध्यक्ष पदमा मेरो र पुष्पराज पुडासैनीको उम्मेदवारी परेपछि नेतृत्वले अधिवेशन स्थगित गरेको थियो", भट्टराईले भन्नुभयो, "आइतबार दिउँसो बैठकको नाममा पल्पसा सभाहलमा भएको कार्यक्रमले नेतृत्वको वरपर चकडी भजाउँदै आत्मरतिमा रमाउने केही व्यक्तिहरूको निहित स्वार्थसिद्धिका लागि उद्योग वाणिज्य संघ मकवानपुरको चुनाव लक्षित उद्देश्य अनुरुप नीति, विधी र सांगठनिक मूल्य मान्यतालाई मिच्दै जनवादी केन्द्रियताको पराकाष्टा नाघेर कार्यक्रम गरिएको प्रति आपत्ति छ।"

दुई वा सो भन्दा बढी उम्मेदवारी परे उम्मेदवारहरुका बीच सहमति गराउनु नेतृत्वको दायित्व भएपनि निर्वाचन प्रक्रियामा २ उम्मेदवार मध्ये एकले अर्कोलाई सहमति जनाएपछि सो उम्मेदवारले स्वतः पद पाउनुपर्नेमा सांगठनिक नियम र मर्यादा मिचिएको उहाँको आरोप छ। पद लिएर पार्टी प्रवेश गर्नु र गराउनु नेकपा माओवादी केन्द्रको विधानमा उल्लेख नभएको भन्दै उहाँले नेतृत्वप्रति प्रश्न समेत गर्नुभएको छ। मिसन २०८४ को हवाला दिँदै हिँडेको पार्टीमा करिब २ महिना अघि उद्योग व्यापार महासंघ मकवानपुरको नेतृत्व दिने सर्तमा पार्टी प्रवेश गराइएको एक पात्र खडा गरी स्थगित राखिएको कार्यक्रमलाई पूर्णता दिँदै मिसन पूरा गरिएको भट्टराईको दावी छ। यसरी पद बाँडेर पार्टी प्रवेश गराउँदै पार्टीमा भएका सदस्यहरुलाई ओझेलमा पार्दै र चिढ्याउँदै जाँदा मिसन ८४ पूरा हुने भन्दै उहाँले व्यङ्ग्य समेत गर्नुभएको छ। उहाँले नेकपा (माओवादी केन्द्र) को सबैखाले जिम्मेवारी लगायत साधारण सदस्य समेत त्याग गरेको घोषणा गर्नुभएको छ।

# विभिन्न घटनामा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको चार जिल्लामा विभिन्न घटनामा परी चार जनाको मृत्यु भएको छ। नुवाकोट, रसुवा, सिन्धुपाल्चोक र सिन्धुलीमा समान एक-एक गरी चार जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

शनिबार बिहान नुवाकोटको शिवपुरी गाउँपालिका-८ काफलडाँडामा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ५८ वर्षीय उपेन्द्र खनाल रहेको जनाएको छ। शनिबार टोखा छहरे सडकखण्डमा काठमाडौंबाट लम्जुङतर्फ जाँदै गरेको बा १४ च ३८५४ नम्बरको हाईलक्स आफै अनियन्त्रित भएर सडकबाट ५० मिटर तल खोल्सामा खस्दा खनालसहित ५ जना घाइते भएका थिए। दुर्घटनामा गम्भीर घाइते भएका खनाललाई उपचार का लागि टिचिङ अस्पताल लगिएकोमा बिहान १० बजेर १० मिनेटको समयमा मृत घोषणा गरेको जनाएको छ।

यस्तै सिन्धुलीको मरिण गाउँपालिका-७ स्थित बाह्रबिसेमा गोठालो गर्दै आइरहेका एक पुरुषको मृत्यु भएको छ। सोही ठाउँम २० वर्षदेखि गोठालो गर्दै आइरहेका सर्लाहीको हरिवन नगर पालिकाका ६२ वर्षीय वीर बहादुर लुङ्गेलीको मृत्यु भएको हो। उनी केही दिनदेखि बिरामी रहेको जनाएको छ। यस्तै रसुवामा शनिबार चीनमा मृत्यु भएकी एक महिलाको शव ल्याएको छ। असोज १३ गते गोसाईकुण्ड गाउँपालिका-६ स्थित ठाडेका २६ वर्षीय रिता घलेको शौचालयमा लडेर मृत्यु भएकी थिइन्।

शनिबार सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-४, स्याले गिदारीमा एक पुरुषको शव फेला परेको छ। स्याले खोला किनारमा सनाखत हुन नसकेको करिब ३५ वर्षीय पुरुषको शव फेला परेको जनाएको छ। शवलाई पोष्टमार्टमका लागि सिन्धुली अस्पताल लगिएको छ।






# सम्पादकीय

## सडक सुचारु गर्न तदारुकता

गत असोज ११ र १२ गतेको अविरल वर्षाले बागमती तथा कोशी प्रदेशमा व्यापक क्षति पुऱ्यायो । मनसुन सक्रिय भएर परेको भारी वर्षाले निम्त्याएको बाढी, पहिरो, डुबान र कटानले ठूलो विपद्‌को अवस्था सिर्जना गऱ्यो । सरकारले तीन दिन आधा झण्डा झुकाएर राष्ट्रिय शोक नै मनायो । वर्षाले बढी क्षति भएको १२ जिल्लाका ४१ स्थानीय तहलाई सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले बाढीपहिरोबाट बढी प्रभावित कोशी प्रदेशका ३ र बागमती प्रदेशका ९ जिल्लाका ती स्थानीय तहलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको हो । उक्त बाढीपहिरामा परी हालसम्म दुई सय ४४ जनाको मृत्यु भएको छ भने १९ जना बेपत्ता छन् । एक सय ७९ जना घाइते भएका छन् । बाढीपहिरो प्रभावित क्षेत्रबाट १७ हजार एक सय ७४ जनाको उद्धार गरिएको छ । बाढी, पहिरो र कटानबाट दर्जनौं राजमार्ग र सडकखण्डमा क्षति पुगेको छ । अझै केही सडकखण्ड अवरुद्ध नै छन् ।

बाढी, पहिरो र कटानका कारण काठमाडौं जोड्ने सबै सडक अवरुद्ध भएका थिए । अवरुद्ध सडकमध्ये कान्तिलोकपथ, बीपी लोकमार्ग र कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडक अझै सुचारु हुन सकेको छैन । सुनकोशी नदीमा पुल बगाएका कारण सिन्धुलीको खुर्कोटबाट रामेछाप जोड्ने सडक, उदयपुरबाट फोक्सिङटार हुँदै खोटाङ जोड्ने सडक र अरनिको राजमार्गको तातोपानीतर्फको सडक खण्ड पनि अवरुद्ध नै छ । भारी वर्षाले क्षति पुऱ्याएको दुई दिनमै त्रिभुवन राजपथ र थानकोट-चित्लाङ सडकमा एकतर्फी सवारी सञ्चालनमा ल्याइएको थियो । पृथ्वी राजमार्गमा धेरै ठाउँमा पहिरो गएका कारण बेलाबेलामा सडक अवरुद्ध हुने सुचारु हुने क्रम चलिरहेको छ । अरनिको राजमार्ग र पासाङल्हामु मार्ग पनि सुचारु भइसकेका छन् । प्रदेश सरकारको तदारुकतासँगै फर्पिङ-फाखेल-कुलेखानी सडक सुचारु भएको छ । सामान्य क्षति भएको ठाउँमा मर्मत र बढी क्षति भएको ठाउँमा डाइभर्सन निर्माण गरेर सडक सुचारु पारिएको हो ।

भारी वर्षाका कारण व्यापक क्षति भएका सडक खण्डहरु स्थानीय, प्रदेश र संघीय सरकारको पहलमा सुचारु हुँदै गएका छन् । तीन तहको सरकार भएका कारण साधन, स्रोत व्यवस्थापन र परिचालनमा सहज भएका कारण अवरुद्ध सडक खण्ड छिट्टै मर्मत गरी सञ्चालनमा आएका हुन् । बाढीले कटान गरेर बन्द कुलेखानी-फाखेल-फर्पिङ सडक आइतबारबाट सञ्चालनमा आएको छ । बाढी र पहिरोले विभिन्न स्थानमा क्षति पुऱ्याएपछि अवरुद्ध रहेको हेटौंडा-काठमाडौं छोटो दुरीको उक्त सडक खण्ड ३ ठाउँमा डाइभर्सन गरेर सञ्चालनमा ल्याइएको छ । सो सडकखण्डको कुलेखानी ड्याम नजिकैको पुल, महालक्ष्मी खोला पुल र महालक्ष्मी खोलाको कटान क्षेत्रमा डाइभर्सन निर्माण गरी सडक सञ्चालनमा ल्याइएको हो । बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका साथै सुरक्षा निकायसमेतको सक्रियतामा सडक मर्मत गरिएको छ । दिउँसोबाट सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ । कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडकको पनि दक्षिणकालीबाट सिस्नेरीसम्मको अवरोध हटाइसकेको छ भने कुलेखानी-सिस्नेरी खण्डमा खोलाबाट डाइभर्सन गरी यातायात सञ्चालन गर्ने तयारी भइरहेको हो ।

विगतमा बाढी पहिरोले अवरुद्ध सडक मर्मतमा निकै समय लाग्ने गरेकोमा यस पटक धेरै क्षति भएको भए पनि अवरुद्ध सडक सञ्जाल छिटै सुचारु भएका छन् । दशैंको मुखमै सडक अवरुद्ध भएका कारण पनि तीनै तहको सरकारले सडक सुचारु गर्न तदारुकता देखाएको हो । हेटौंडा-काठमाडौं जोड्ने ७ वटा सडक खण्ड रहेकोमा असोज ११ र १२ गतेको भारी वर्षाले सबै सडक अवरुद्ध भएको थियो । अवरुद्ध सडकमध्ये ४ वटा सुचारु भएका छन् भने चखेल-मातातीर्थ, कुलेखानी-सिस्नेरी र कान्ति लोकपथ अझै सञ्चालनमा आएको छैन । दशैंको समयमा बढ्ने सवारी चापलाई मध्यनजर गरेर यात्रुको सहजताका लागि सञ्चालन भएका सडकमा अवरोध हुन नदिने र अवरुद्ध सबै सडक खण्ड सञ्चालन गर्नेतर्फ सरकारले विशेष ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
- **वृष** : प्रतिस्पर्धी माथि विजय हाशिल हुने समय छ ।
- **मिथुन** : पढाइ–लेखाइका क्षेत्रमा सरिक भइने योग छ ।
- **कर्कट** : पारिवारीक दायित्व बढ्ने समय योग छ ।
- **सिंह** : लेखाइ– पढाइका काममा समय व्यतित होला ।
- **कन्या** : धार्मिक यात्रा योग रहने समय रहेको छ ।
- **तुला** : परीक्षा र प्रतिस्पर्धामा विजय प्राप्त होला ।
- **वृश्चिक** : धार्मिक कृत्यमा सरिक भइने समय योग रहेको छ ।
- **धनु** : दार्शनिक विषयप्रति झुकाव बढ्ने समय योग रहेको छ ।
- **मकर** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
- **कुम्भ** : वैदेशिक योगबाट लाभ प्राप्त हुने समय छ ।
- **मीन** : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने छ ।

# के पृथ्वी मान्छेको मात्रै हो ? वन्यजन्तुको होइन !



रोशन शेरचन

हामी मानिसहरू आफ्ना दुःख-पीडाहरू आफन्त र इष्टमित्रलाई सुनाउँछौं, दुःखबाट त्राण पाउने उपाय निस्किहाल्छ कि भन्ने आशामा ।

भाषाको सहारा लिन्छौं, जो मान्छेको सबभन्दा भरपर्दो माध्यम हो । मानिसलाई आफ्नो व्यथा अन्यमाझ पुऱ्याउन अहिले प्रविधिको नपत्याउने साथ-सहयोग छ । सामाजिक सञ्जाल मार्फत हामी आफ्ना समस्या विश्वको कुनै पनि कुनामा भएका आफन्तलाई बताउन सक्छौं ।

तर, वन्यजन्तुसँग त्यस्तो सम्भावना र सुविधा छैन । ऊ पूरापूर प्राकृतिक छ, पशुवृत्तिमै बाँचेको छ । समृद्ध भाषा छैन, शायद भाषा नै पनि नहोला । संकेत छ तर त्यो आममान्छेको निम्ति गूढ नै छ । केही प्राणीशास्त्री बाहेक अरूले त्यसको अर्थ बुझ्न सक्दैनन् । मान्छे आफ्ना सपना, महत्वाकांक्षा र सुख-सुविधाका निम्ति यति भागदौडमा छ कि वन्यजन्तुको दुःख बुझ्नेतिर चासो छैन, बराबर छ ।

जोड्न खोजेको सन्दर्भ भर्खरको हो- अगस्ट, सेप्टेम्बर महिनाको । केही संचारकर्मी मित्रहरूसँग मानिस र जैविक विविधता, त्यसमा पनि वन्यजन्तुको अन्तरसम्बन्धबारे अन्तरक्रिया गर्न पश्चिम तराईको यात्रामा थियौं । बुटवल, कोहलपुर र धनगढीमा एकदिने गोष्ठी राखिएको थियो । अनुभवी स्रोतव्यक्तिहरूसँग मैले पनि एक सेसन सहजीकरण गर्ने अवसर पाएको थिएँ ।

नेपालमा इकोसिस्टम, जैविक विविधताको अवस्था कस्तो छ ? इकोसिस्टम र जैविक विविधताको सामुन्ने के-कस्ता जोखिमहरु छन् ? रेखीय पूर्वाधारले (सडक, सिंचाइ नहर, विद्युत् प्रसारण लाइन, रेलमार्ग) जैविक विविधतामा पार्न सक्ने नकारात्मक प्रभावहरू केके हुन् ? यी असरहरूलाई कम गर्ने सम्भाव्य उपाय के हुन सक्छ ? साथै देशीय र विदेशमा अपनाइएका केही प्रभावकारी उपायहरू आदि बारे जानकारी दिएको थिएँ ।

सहभागीमध्ये स्थानीय सरकारका जनप्रतिनिधिहरूको बाहुल्य थियो । साथै थिए, प्रदेश वन निर्देशक, पूर्वाधार कार्यालयका इन्जिनियर, वन कार्यालयका प्रमुख, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका प्रतिनिधि र सञ्चारकर्मी ।

गोष्ठीको अन्तिम कार्यक्रम धनगढीमा भएको थियो । तीन जना स्रोतव्यक्तिहरूले आफ्ना प्रस्तुति सिध्याएपछि छलफल सेसन सुरु भयो । सहभागीहरूले पालैपालो आफ्ना राय र धारणा राख्दै थिए । म नोट टिप्न व्यस्त थिएँ । यसैक्रममा एउटा नगर पालिकाको मेयरले भनिन्- 'वन्यजन्तुले मान्छे मारिरहेछ, घाइते बनाइरहेछ । किन चाहियो वन्यजन्तुमैत्री पूर्वाधार ? मान्छे ठूलो कि जनावर ?'

हामी अवाक् भयौं । प्रथम, हामी कसैले मानिसभन्दा वन्यजन्तु महत्वपूर्ण भनेका थिएनौं । हाम्रो उद्देश्य प्रस्ट थियो- वन्यजन्तु र मानिस बीच हुनसक्ने सहअस्तित्वबारे छलफल चलाउने र वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिकाबारे सहभागीहरूलाई जानकारी गराउने । मेयरले मज्जाले कुरा घुमाइन् । नभनेको कुरालाई स्पष्टीकरण दिने कुरा पनि भएन । हामी मौन बस्यौं । मेयर प्रतिनिधि पात्र थिइन् । तर, त्यो घटनाले एउटा जनप्रतिनिधिको जैविक विविधतालाई हेर्ने दृष्टिकोण छर्लङ्ग देखाइदिएको थियो ।

मेरो मनमा प्रश्न उठ्यो । मेयरले त हामीले राखेका विषयलाई स्वागत पो गर्नुपर्थ्यो । हामीले कुरा स्पष्ट राख्न सकेनौं वा उहाँले बुझ्न चाहनुभएन, अनभिज्ञ छु । वन्यजन्तु र मान्छेबीच द्वन्द्व हुनाका अनेकौं कारण छन् । एउटा कारण चाहिं योजना विना गरिने सडक निर्माण हो । वातावरणीय अध्ययन विना निर्माण गरिने स्थानीय वा ग्रामीण सडकले वन वा वासस्थान नष्ट वा खण्डीकरण गरिदिंदा वन्यजन्तु अल्मलिई बस्तीतिर छिर्ने सम्भावना बढेको वैज्ञानिक अध्ययनले देखाएको छ । वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिकाले रेखीय पूर्वाधार निर्माण गर्दा संरचनाहरू वन्यजन्तुमैत्री बनाउन किन आवश्यक छ ?

प्राविधिक टोलीले अध्ययन गरेर स्वीकृति दिएपछि मात्र विस्तृत सर्भेक्षण गर्नुपर्ने लगायत वन्यजन्तुमैत्री संरचनाको मापदण्ड पनि अनुसूचीमा दिएको छ । वन्यजन्तुसँग वाहन ठोक्किएर दर्जनौं दुर्घटना भएको जगजाहेरै छ । वन्यजन्तु मात्र होइन सवारी चालक र यात्रुको पनि मृत्यु वा घाइते भएको कसैबाट छिपेको छैन । यस्तोमा वन्यजन्तुमैत्री पूर्वाधारले वन्यजन्तुलाई मात्र होइन मान्छेको जीवन पनि सुरक्षित बनाउँछ भनेर बुझ्न कठिन छैन । श्यामश्वेतमा हेर्ने अर्थात् यो कि त्यो ? जस्ता ध्रुवीकृत दृष्टिकोणले समाधानको उपाय दिन सक्दैन । म खिन्नै बनें ।

जनप्रतिनिधिहरूले मतदाताको पक्षमा नै वकालत गर्ने हो तर वन्यजन्तुमैत्री संरचना पनि स्थानीय जनताको पक्षमा छ भनेर बुझ्न आवश्यक छ । बरु पूर्वाधार विकासको नाममा डोजर चलाउने र वातावरणीय सुरक्षालाई प्राथमिकतामा नराख्ने अभ्यास दीर्घकालको निम्ति हानिकारक छ ।

वन्यजन्तुको प्राकृतिक वासस्थान शहरीकरण, राष्ट्रको समृद्धि र भौतिक विकासको नाममा टुक्र्याइराखेका छौं । वन्यजन्तु आफ्नो घर भत्किएकोमा मानिस कहाँ निवेदन हाल्न आउँदैनन् । निर्दोष प्राणी न परे, आफ्ना समस्याहरू बताउन सक्दैनन् । के त्यसैले हामीले उनीहरूको समस्या अनदेखा गर्नु बुद्धिमानी हो ? प्राणी र प्रकृतिको सुरक्षा मानिसकै सामाजिक दायित्वभित्र पर्दैन र ? वन्यजन्तुको अवस्थाप्रति किन संवेदनशील नबन्ने ? करुणा सुन्दरतम् भाव होइन र ? मान्छे ठूलो कि वन्यजन्तु भन्ने प्रश्नले बहसलाई फलदायी दिशातिर लैजाँदैन ।

वातावरण विज्ञानको दृष्टिमा मान्छे ठूलो कि वन्यजन्तु भन्ने प्रश्नमा, जुन जवाफ छाने पनि गलत हुन्छ । मान्छे र वन्यजन्तु समान रूपमा इकोसिस्टमको इकाई भएकोले के बराबर हुन सक्दैनन् ? मान्छे र प्राणी परोक्ष रूपमा परस्परमा निर्भर हुन्छन् । मान्छे र प्राणी मात्र होइन, वन, वनस्पति, घाँसेमैदान, सिमसार, ढुंगा, माटो, वासस्थान र समग्रमा ल्याण्डस्केप निरन्तर एकआपसमा प्रतिक्रियामा रही खास इकोसिस्टम बन्छ, जहाँ सबै एकआपसमा सूक्ष्म ढंगले जोडिएका हुन्छन् । त्यो खाद्य सञ्जाल भत्किए, सबैको अस्तित्व संकटमा पर्छ। कसैले वन्यजन्तु र उनीहरुको वासस्थानको संरक्षणको पक्षमा बोल्दा परोक्षमा मान्छेकै हितको निम्ति बोलेको हुन्छ ।

हामीले मात्र हेर्न पाएर पुग्दैन, हाम्रा सन्ततिहरूले यी वन्यजन्तुहरु हेर्न पाउनुपर्छ । अनि पो सहअस्तित्व ।

### कहाँ कहाँ देखिए संकट ?

नेपालको झण्डै २४ प्रतिशत भूभाग संरक्षित क्षेत्रले ओगटेको छ । संरक्षित क्षेत्र जैविक विविधताको दृष्टिले समृद्ध (बायोडाईभर्सिटी हटस्पट) मानिन्छ । त्यहाँ थरी-थरीका इकोसिस्टमहरू पाइन्छ- वन इकोसिस्टम, घाँसेमैदान इकोसिस्टम, सिमसार इकोसिस्टम आदि ।

त्यति मात्र होइन, वन्यजन्तुहरू एक संरक्षित क्षेत्रबाट अर्को संरक्षित क्षेत्र जान प्रयोग भएका केही जैविक मार्गहरूको पहिचान भई पुनर्स्थापना पनि भइरहेको छ । बरण्डाभार, लमही, काम्दी, खाता, लालझाडी-मोहना, बसन्ता आदि यसका उदाहरण छन् । आहारा, पानी र प्रजनन्को खोजीमा वन्यजन्तुहरू एक स्थानबाट अर्को स्थानमा विचरण गर्दछन् । तर वन्यवन्तुमैत्री पूर्वाधारको अभावमा सडक दुर्घटनाहरू बढिरहेको छ । तथ्य हेरौं ।

बाँके राष्ट्रिय निकुञ्जको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९-८० मा साना, मझौला र ठूलो गरी ५५६ वन्यजन्तुको मृत्यु भएकोमा १८७ वटाको मृत्यु प्राकृतिक कारणले (वृद्ध भई, रोग लागेर, आपसमा लड्दा घाइते भई) भएको थियो । दोस्रो प्रमुख कारण भने सडक दुर्घटना थियो ।

-वन्यजन्तुले बाटो काट्दा वाहनसँग ठोक्किएर भएको मृत्यु, जसमा १४१ वन्यजन्तुको प्राण गएको थियो । यो पश्चिम तराईको पनि बाँके राष्ट्रिय निकुञ्ज वरपरको तथ्याङ्क । देशभरिको तथ्याङ्क हेर्ने हो भने, यसरी मृत्यु हुने प्राणीको संख्या धेरै गुणाले बढ्नेछ । प्राणीहरूको यस्तो हृदयविदारक अवस्थाबारे सञ्चारकर्मीले किन नलेख्ने ? २३ जुलाई, २०२२ मा चितवनमा निर्माणाधीन सडकछेउको खाल्डोमा मृत गैंडा भेटियो ।

खाल्डो खुलै छोडिएको रहेछ । सो सडकखण्ड बरण्डाभार जैविक मार्गमा परेकोले खाल्डो खुलै राख्नु जोखिमपूणर् थियो । निर्माण व्यवसायी वा प्रस्तावकको लापरबाहीले एउटा अबोध प्राणीले अनाहकमा जीवन गुमाउनुपऱ्यो ।

-कल्पना गर्छु, अन्य दिन झैं साँझ वा बेलुका त्यो अमूक गैंडा निश्चिन्त सुस्त गतिमा सडक पार गरेर उत्तरको जंगलमा जान खोज्दै थियो । घ्वाँच्च.. खाल्डोमा जाकियो । अकस्मात् खाल्डोको भुईंमा मुख जोतिएपछि गैंडा निस्सासियो । दाहिने खुट्टा खाल्टोको किनारमा फँसेकोले जति कोसिस गर्दा पनि खुट्टा टेक्नै सकेन । खुट्टाले भर नभएपछि शरीरलाई उठाउन सकेन र उसको भारी शरीर धराप जस्तो साँघुरो खाल्टोमा तड्पिंदैरह्यो । निस्कन घण्टौं प्रयास गऱ्यो, तर सकेन ।

- रात गहिरिंदै गयो । बेलाबखत रात्रिबसको चम्किलो उज्यालो सडकमा छरिन्थ्यो र केही उज्यालो खाल्टोतिर पर्दथ्यो । त्यसपछि अन्धकार पुरानै लयमा फर्कन्थ्यो । दिउँसो भएको भए मानिसले देख्थे, खबर गर्थे र कसैगरी निकाल्थे तर उसको पीडाको सुस्केराहरु अध्यारोले निलिदियो ।

-बाहिर निस्किन नसक्ने देखेपछि उसले आफ्नो बच्चा केटो सम्झियो र सम्झियो परिवारजन । भोक र प्यासले उत्तिकै सताउँदै लगेको थियो । छाला दर्फरिएर रगत बगिरहेको थियो । घाउ चहऱ्याइरहेको थियो । गैंडा शिथिल हुँदै गयो । पशुवृत्तिबाट आफ्नो अन्त्य नजिकै आएको थाहा पाएर अन्तिम पटक आफ्नो केटो र परिवार सम्झेर ठूलो स्वरमा चिच्याएर आँखा चिम्लियो । के प्राणीको हृदयविदारक अवस्थामा दुःखी हुनु मूर्खता हो ? के वरपरका ट्रेजेडीहरूमा संवेदित बन्नु कमेडी हो ?

-सिंचाइ नहर पनि वन्यजन्तुको मृत्युको कारक बनेको छ । बर्दिया राष्ट्रिय निकुञ्जको तथ्याङ्क अनुसार, पछिल्लो पाँच वर्षमा बबई भेरी सिंचाइ नहरमा ७७ वटा वन्यजन्तुको डुबेर मृत्यु भएको छ- पानी खान नहरमा पस्दा नहरको किनार धेरै भिरालो भएर बाहिर आउन नसक्नु र पानीको प्रवाहले बगाउनुले ।

- पछिल्लो समय अर्को चुनौती थपिएको छ- तराईमा गाउँ वा नगरपालिकाले माछा पालनको निम्ति निर्माण गरेका पोखरीहरू । पोखरी वरपर छेकबार नहुँदा वा पोखरी किनारको भिरालोपन नमिल्दा त्यहाँ पनि वन्यजन्तु डुबेर मर्ने सम्भावना बढेको छ ।

### जोखिम न्यूनीकरणका प्रयास

यद्यपि यस दिशातर्फ न्यूनीकरणका प्रयास नभएको होइन । उदाहरण, सिक्टा सिंचाइ परियोजनाको मुख्य नहरमाथि निर्माण गरिएको क्रसिंग । त्यो क्रसिंग स्थानीय बासिन्दाहरूले प्रयोग गर्छन्, वन्यजन्तुहरूले पनि । त्यस्तै सिक्टा सिंचाइ नहर र महाकाली सिंचाइ आयोजनाको वन्यजन्तुमैत्री ऱ्याम्प । यस्ता उपयुक्त डिजाइनले मान्छेको विकासको आवश्यकतालाई पूरा गर्छन् साथै वन्यजन्तुको आवतजावतलाई पनि सहज बनाउँछन् ।

सन् २०१८ मा नेपालमा पहिलो वन्यजन्तुमैत्री अन्डरपास बन्यो । सडक विभागले नारायणगढ मुग्लिङ खण्डको बरण्डाभार करिडोरमा चार वटा अन्डर पास निर्माण गऱ्यो । बरण्डाभार करिडोर वन क्षेत्र १०७ वर्ग किमीमा फैलिएको छ । र, यसको करिब चार किमी लम्बाइ पूर्व-पश्चिम राजमार्गले काट्दछ । त्यो जैविक मार्ग चितवनमा अवस्थित एक मात्र जंगलपेटी (फरेष्ट स्ट्रिप) हो, जसले चितवन राष्ट्रिय निकुञ्जलाई उत्तरको महाभारत शृंखला हुँदै अन्नपूणर् संरक्षण क्षेत्रसँग जोड्छ ।

यसको अर्थ, वन्यजन्तु यसै मार्ग भएर महाभारत शृंखला आउजाउ गर्छन् । सीसीटिभी राखी अध्ययन गर्दा १५ थरीका स्तनधारी जनावरले ती अन्डरपासहरु प्रयोग गरेको देखियो जसमा जंगली बँदेल, चितुवा र जंगली बिरालो प्रमुख थिए ।

छिमेकी भारतले पेन्च बाघ अभ्यारण्यमा राष्ट्रिय राजमार्ग ४४ मा १६.१ किमी लम्बाइको राजमार्ग उठाएर एलिभेटेड ब्रिज बनाएको छ, जसले गर्दा सडक मुन्तिरबाट वन्यजन्तुहरू निर्धक्क ओहोरदोहोर गर्न पाउँछन् ।

अध्ययनले बाघ, नीलगाई, जंगली बिरालो, हरिण, गौर, जंगली बँदेल, खरायो आदि जनावरले अन्डरपास प्रयोग गरेको देखाएको छ । त्यति नै लामो नभए पनि नेपालले वन्यजन्तुको विचरणको दृष्टिले रणनैतिक महत्वको जैविक मार्गहरुमा एक, दुई किमीको त्यस्ता पूर्वाधार बनाउन आवश्यक भइसकेको छ ।

प्राकृतिक थुम्काहरूमा बेतुकका भ्यूटावर, हरेक वर्षामा बजेट थप्नुपर्ने डोजर चालकले निर्माण गरेका सडकहरूको सट्टामा यस्ता संरचना प्राथमिकतामा पर्नुपर्ने हैन र ? मान्छेलाई मात्र ध्यानमा राखी निर्माण गरिएको विकासलाई कसरी दिगो विकास भन्ने ?

पूर्व-पश्चिम राजमार्गको स्तरोन्नतिको निम्ति नेपाल सरकारले वैदेशिक अनुदान लिएको छ । चार लेनको पक्की सडक, सर्भिस लेन र मापदण्ड सहितको स्तरोन्नति भएपछि सवारी साधन थप गतिमा गुड्नेछ । सडक दुर्घटनाको बढ्दो जोखिम कम गर्न वन्यजन्तुमैत्री संरचनाहरु अपरिहार्य भइसक्यो । सवारी चालकहरूलाई पनि जैविक मार्गहरु कहाँ-कहाँ पर्छन् भन्ने र वन्यजन्तुको आनीबानी बारे सचेतना दिन जरुरी छ ।

रेखीय पूर्वाधार परियोजनाको कुल बजेटको एक-दुई प्रतिशत, वन्यजन्तुमैत्री संरचनामा खर्चनुपर्ने बाध्यकारी नीति नबनाउँदासम्म दिगो समाधानको बाटो देखिँदैन भलै कमजोर कार्यान्वयन हामी नेपालीको सदावहार पहिचान बनिसकेको छ ।

यो मानवकेन्द्रित पृथ्वीमा प्राणीहरूका बारेमा मान्छेले नसोचे कसले सोच्ने ?

*(स्रोतः अनलाईनखबर)*

# सहकारीकर्मीसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया

समाज संवाददाता

हेटौँडाः जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरले सूचनाको हकसम्बन्धी अन्तरक्रियाको आयोजना गरेको छ। आइतबार हेटौँडामा आयोजित अन्तरक्रियामा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष र सूचना अधिकारीको सहभागिता रहेको थियो ।

सूचनाको हक प्रयोग गरी एउटै व्यक्तिले अधिकांश सहकारीमा सूचना माग गर्ने गरेको र त्यसरी सूचना माग गर्दै गर्दा सूचनाको हकअनुसार कसरी सूचना दिनुपर्छ भन्ने विषयमा जानकारी गराउन, सूचनाको हकको आधारभूत अवधारणा समेत बुझाउने गरी अन्तरक्रियाको आयोजना गरिएको संघकी अध्यक्ष कल्पना श्रेष्ठले बताउनुभयो । सूचना माग गर्ने व्यक्तिले गलत नियतले र असान्दर्भिक सूचना माग गर्ने गरेको, माग गरेको सूचना उपलब्ध गराउन नै नसकिने किसिमको समेत भएको उहाँको भनाइ थियो ।

संघकी अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेश सरकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायण देवकोटाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख आयुक्त कृष्णहरि वास्कोटाले सूचनाको हकसम्बन्धी प्रस्तुती राख्नुभएको थियो । उहाँले सूचना माग गरेको विषयलाई लिएर नआत्तिन र सम्भव भएसम्मका सूचना दिन आग्रह गर्नुभयो । उहाँले सूचनाको माग गर्ने व्यक्तिले अस्वभाविकरुपमा सूचनाको माग गरेको देखिए आयोगले सूचना दिनका लागि पुनरावेदन नगर्न समेत सक्ने उल्लेख गर्नुहुँदै सूचनाको हकसम्बन्धी कुनै किसिमको गुनासा भए आयोगमै पुगेर आफ्ना कुरा राख्न सकिने स्पष्ट पार्नुभएको छ ।

# आँचलको मासिक भेट मानेडाँडामा सम्पन्न

समाज संवाददाता

हेटौँडाः आँचल साहित्य कला पुञ्ज, मकवानपुरले आफ्नो नियमित मासिक भेटघाट कार्यक्रम शनिबार हेटौँडा-१८, मानेडाँडामा सम्पन्न गरेको छ। आँचलले हरेक महिनाको तेस्रो शनिबार मासिक भेटघाट कार्यक्रम सम्पन्न गर्ने गरेको छ। मासिक भेटघाट कार्यक्रममा नेपाली समाजमा प्रमुख रुपमा मनाइने दशैं, तिहार, छठ चाडपर्वको शुभकामना आदानप्रदान कार्यक्रमसँगै रचनावाचन सम्पन्न गरेको छ ।

आँचलकी संस्थापक अध्यक्ष मुना अर्यालको मानेडाँडास्थित निवासमा कार्यक्रम भएको हो । कार्यक्रममा सहभागी सबैले शुभकामनाका साथमा र चनावाचन गर्नुभएको थियो । फरक परिवेशमा रचना सिर्जना तथा वाचन कार्यक्रमहरू गर्दा लेखकहरूमा पुनर्ताजगी र उर्जा प्राप्त हुने स्रष्टाहरूको भनाइ रहेको छ। सो कार्यक्रममा उपस्थित हुनुहुने आँचलकी सल्लाहकार पूर्णकला घिमिरे, कविहरु सुवास खनाल, शान्ति प्रियवन्दना, सानु खनाल, भवानी तिमल्सिना, सविता तिमल्सिना, शारदा ओली, रजनी पौडेल, अनु रोक्का, स्वस्तिका दाहाल, एलिजा पुडासैनी, आँचलकी आजीवन सदस्यहरू शुभद्रा हुमागाईं, अचला शर्मा, रञ्जना घिमिरे, देवकी चौलागाईंको उपस्थिति रहेको थियो । कार्यक्रम संस्थाकी अध्यक्ष भावना सापकोटाको सभाध्यक्षतामा भएको थियो ।

# एस-५ टिम र नागरिक बचाउ अभियानद्वारा सिस्नेरीमा राहत वितरण

समाज संवाददाता

हेटौंडाः सामाजिक क्षेत्रमा क्रियाशील एस-५ टिम र नागरिक बचाउ अभियान समूहले मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा राहत वितरण गरेको छ। आइतबार सिस्नेरीका ३० घर र कुलेखानी सुलिकोटमा ५ घरलाई राहत वितरण गरिएको हो।

एस-५ टिमका सदस्य दिनेश वाईबाका अनुसार ३ लाख रुपैयाँ बराबरको अत्यावश्यक खाद्य सामग्री र कपडा वितरण गरिएको हो। टिमले ३५ बोरा चामल, ३५ कार्टुन चाउचाउ, ३५ लिटर तेल, ७० प्याकेट नुन, ३५ थान लुगाधुने साबुन, ६० थान सेनेटरी प्याड, ७० केजी दाल, ७० केजी मस्यौरा र चिउरा १ सय ५० केजी वितरण गरिएको छ। यस्तै, ७० थान कुर्ता, ७० थान टिसर्ट र बच्चाहरुको नयाँ कपडा तथा औषधी पनि सहयोग गरेको वाईबाले बताउनुभयो। नागरिकलाई आवश्यक परेको बेला सहयोग गर्न टिमले विभिन्न दाताहरुबाट उक्त सहयोग संकलन गरेको भन्दै उहाँले दाताहरुलाई धन्यवाद दिनुभयो। एस-५ टिमले यसअघि नागरिकको हित, अधिकार र विभिन्न बेथितिविरुद्ध बोल्दै आइरहेको उहाँको भनाइ छ।

राहत वितरणमा एस-५ टिमबाट वीरेन्द्र श्रेष्ठ, सन्तोष बजगाई, सुवास विष्ट र मन्तु कंसाकार तथा नागरिक बचाउ अभियानबाट भीम राउत, रमेश ठकुरी, हातिम मिया र गणेश श्रेष्ठलगायत खटिएका थिए।

वडा दसैंको शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दशैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, शिक्षासेवी, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

माधवप्रसाद ढ्काहाल, प्रधानाध्यापक
एवम् भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) परिवार
हेटौँडा-४, मकवानपुर

वडा दसैंको शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दशैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, शिक्षासेवी, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामसागर गुरागाई, प्रधानाध्यापक
एवम् आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय परिवार
हेटौँडा-४, मकवानपुर

भाका, भुल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ति गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो,
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो, आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।

भावपूर्ण श्रद्धाञ्जली एवम् गहिरो समवेदना



जन्मः
१९९६/०४/१७

स्वर्गारोहणः
२०८१/०६/१५

स्व. तेजकुमारी खतिवडा

यस सिद्धार्थ माध्यमिक विद्यालय हेटौँडा-२ का सहायक प्रधानाध्यापक श्री सागरप्रसाद खतिवडाको ममतामयी माता तेजकुमारी खतिवडाको असामयिक निधनको खबरले हामी सम्पूर्ण विद्यालय परिवार स्तब्ध एवम् मर्माहत भएका छौं । यस दुःखद घडीमा दिवङ्गत माताको आत्माको चिरशान्ति एवम् बैकुण्ठ बासको कामना सहित भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त आदरणीय सागर सर लगायत समस्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

सिद्धार्थ माध्यमिक विद्यालय
हेटौँडा-२ परिवार

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

# नोर उपन्यास

पुस्तक समीक्षा



रिदम घिमिरे

### लेखक परिचयः

रोशन पोखरेलको जन्म सन् १९८२ अगस्ट २ मा भएको थियो । उनको जन्म राजगढ, झापा नेपालमा भएको थियो। उनले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन संकायमा स्नात्तकोत्तर गरेका थिए। उनी पिता रोहिणी उपाध्याय पोखरेल तथा माता शान्तादेवी पोखरेलका पुत्र हुन्। उनले पागल लेखक, मिस्टर गौरव, एकलव्य जस्ता कृतिहरु लेखेका छन्। उनले किताब लेख्नु बाहेक चित्रहरु कोर्ने गरेका छन् ।


### पुस्तक परिचयः

उनले यस किताबलाई वि.सं. २०७२ मा प्रकाशन गरेका हुन् । यस पुस्तकमा १७७ पाना रहेका छन् । यस पुस्तकमा २० ओटा भागहरु छन् जसमा हरेक भागमा एउटा कथा छ । यस पुस्तकको अन्त्यमा पुस्तकमा प्रयोग भएका केहि कठिन शब्दहरु को अर्थ लेखिएको छ । यस पुस्तकको विधा उपन्यास हो । यस पुस्तकमा उनले पहिले को समयमा मनिसले जीवन व्यतित गर्नका लागि गर्नुपर्ने संघर्षको बारेमा लेखेका छन्, संघर्ष हुँदा हुँदै पनि केहि समयको सुख पनि दर्शाएका छन् । यस पुस्तकको गातामा एउटा जङ्गली मानिससँग दुई ओटा ब्वासोको चित्र रहेका छन् ।

### कथा बस्तुः

यस कथाको सुरुवातमा एउटा मानिस देखिन्छ जो आफ्नो दैनिक जिवनसँग वाक्क भएर घरमा एक्लै केहि सोचिरहेको हुन्छ । सोच्दा सोच्दै उसको मनमा एउटा शब्द आउँछ जसलाई उसले आलिक ठुलो स्वरले बोल्छ 'नोर' । तब एउटा मान्छे उसको अगाडि आउँछ। "म हो नोर", नोरले भन्छ। "को नोर चिन्दिन म उसलाई, नोर भन्ने पनि कसैको नाम हुन्छ ?" उसले भन्छ। "तिमीले नसुनेका धेरै नाम छन् र अझ धेरै छन् कथा, म तिमीलाई मेरो कथा सुनाउँछु।", नोर ले भन्यो । त्यसपछि त्यो मानिस जोडले हाँस्यो र भन्यो, "किन सुन्ने कथा ? कसको कथा ? कसलाई छ फुर्सद ?"

नोरले कथा भन्न सुरु गऱ्यो र उसले सुनाएको कथा यस प्रकार थियो, "नोरको एउटा झुण्ड छ जसको नेतृत्व उसको बुवाले गर्नु भएको छ । त्यस झुण्डमा सबै जना छन् नोरको बाजे, नोरको बुवा, नोरको आमा, लोह (नोहको बुवा), नोरको बहिनी, अन्य आइमाईहरु, अन्य तन्नेरीहरु, अन्य बच्चाहरू, मिई, नोह





छन् । लोह चाहिँ ज्याद्रो तथा अहंकारी/घमण्डी थियो । उसले जसलाई रिसले हेऱ्यो त्यसलाई मार्थ्यो । एकचोटि उसलाई एउटा बुढि मान्छेसँग रिस उठ्यो, उसले त्यस वृद्धलाई भैँसीको खुट्टाको हड्डीले हानेर ठहरै मारिदियो । त्यस्तै लोहको छोरा नोह नोरको झड्केलो दाइ हो । ऊ नोर भन्दा केहि बसन्त मात्र ठूलो हो । दुबैले एक-अर्कालाई देखी सहँदैनन्। मिई नोरकै उमेरको केटि हो । नोरका हजुर बुवा झुण्डमै सबैभन्दा धेरै बाँच्ने बृद्ध हुन् । उनी नोरसँग ज्ञान गुणका कुरा गर्छन्। उनीहरुको समूह जीवनभर यात्रा गर्ने किसिमको समूह रहेछ। त्यस्तै एउटा यात्रामा जब सबैजना सुतेर उठ्छन् तब उनीहरुले नोरका बाजेलाई मृत पाउँछन् तब नोर धेरै रुन्छ । नोरको बहिनी पनि जन्मिंछे अनि उसको र नोरको आमा-बुबा एउटै भएका कारण नोरले उसलाई धेरै माया गर्छ । त्यसपछि नोर पनि ठूलो भयो अनि ऊ पनि तन्नेरी भयो । तर ऊ ठुलो भएसँगै लोह पनि झन् अराजक भयो । ऊ झन् अत्याचार गर्थ्यो र बिजुलीपानी घट्क्यौथ्यो। एकाएक ऊ एउटा आइमाईलाई समात्थ्यो र सबैको सामु उसलाई लडाउँथ्यो। एक राती लोह र नोर बीच कुराकानी हुन्छ। लोहले नोर सँग सम्मानपूर्वक कुरा गर्छ र नोरलाई बुद्धिमान मानिसको रगत भन्छ। त्यसको भोलिपल्ट लोह मृत अवस्थामा फेला पर्छ । सबैले लोहलाई मारेको आरोप नोरलाई लगाउँछन् । त्यसपछि मेलानले नोरलाई लोहको मृत्युको आरोप लगाएर नोरलाई भुइँमा पछाऱ्यो र जथाभावी कुट्न थाल्यो। उसले नोरलाई बाँधेर नदी छेउमा लडायो । जब नोर उठ्यो तब त्यहाँ इंदिनानो शे शे को आवाज आइरहेको थियो । उसको खुट्टाले पनि इंदिनानो शे शे को लय हालिरहेको थियो ।

नोर जोड-जोडले मान्छेको अगाडि इंदेनानो शे शे गर्दै कराउन थाल्यो। मान्छे पनि ऊसँग इंदेनानो शे शे गर्न थाल्यो र नोर पनि एक्कासी रुन थाल्यो अनि मान्छे ले नोरको बाँकी कथाको प्रतिक्षा गर्न थाल्यो ।

### पात्रहरूः

यस उपन्यासमा नोर भन्ने पात्र, नोह, मिई, नोरको बाजे, नोरको बुवा, नोरको आमा, लोह (नोहको बुवा), नोरको बहिनी, अन्य आइमाईहरु, अन्य तन्नेरीहरु, अन्य बच्चाहरू जस्ता पात्र प्रयोग गरेका छन्। यस उपन्यासको प्रमुख पात्र नोर हो । नोर साझा मानिस जस्तै नभएर गहिरिएर सोच्ने तर चाँडै फुर्किने किसिमको थियो अनि चाँडै व्यवहार-व्यवहार परिवर्तन गर्ने किसिमको हो ।

### परिवेश चर्चाः

यस उपन्यासमा नोरको झुण्ड धेरै यात्रा गर्ने भएकाले उपन्यासमा धेरै ठाउँ प्रयोग भएका छन् । ति ठाउँहरुमा पनि नोरको हजुरबुवाको देहान्त हुँदाको ठाउँ र उपन्यासको अन्त्यमा नोरलाई नदिको बगरमा छोडेको ठाउँलाई अलि विस्तृत रुपमा व्याख्या गरेका छन् । नोरको बाजेको देहान्तका बेला घाम चर्किंदै थियो, झुण्डमा धेरै चहलपहल बढ्दै थियो । यस परिवेश पढ्दा पाठकको मनमा वियोगान्तक भावना आउँछ । अर्को परिवेश नोरलाई नदिको बगरमा छोड्दा को परिवेश हो, त्यस परिवेशमा झुण्डका सबैजना इन्देनानो शे शे मा लय हाल्दै थिए, आकाशबाट चन्द्रमा चम्किरहेको थियो, नोरका खुट्टा इन्देनानो से से मा लय हाल्दै थियो । यस परिवेशमा पाठकलाई रोमाञ्चक भावना आउन सक्छ ।

### पुस्तकबाट पाईने शिक्षाः

यस पुस्तकबाट हामीले परापूर्वकालमा पनि मानिसहरुले जिवन बाँच्नका लागि गरेको संघर्ष देखाएको छ । खाना नपाएर रुखको पात चपाउनु परेको संघर्ष, पानी नपाएर प्यास मेटाउन नसकेको संघर्ष, जङ्गली जनावरसँगको संघर्ष देखाएको छ। जसबाट हामिले आफूले पाएको सुविधाको सदुपयोग गर्नु पर्छ ।

### शाब्दिक पक्षः

यस पुस्तकमा केहि कठिन शब्द पनि छन् तर ति शब्दहरुको अर्थ भने पछाडि दिएका छन् । त्यसैले यो पुस्तक पढ्न पनि सजिलो छ ।

### पाठकको प्रतिक्रियाः

मलाई यो पुस्तक रमाइलो तथा राम्रो लग्यो । यस पुस्तक पढेर हामीले पहिलेको समयको संघर्षको बारेमा थाहा पाउन सक्छौं तथा अझ पुस्तक पढ्ने इच्छा पनि बढ्छ । *कक्षा-८*

## एनपिएलमा मकवानपुरका दुई खेलाडी

# रिजनलाई चितवनले १० लाख, शुभलाई जनकपुरले ५ लाखमा किन्यो

समाज संवाददाता

हेटौंडाः पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को अक्सन आइतबार भएको छ । आइतबार नेपाल क्रिकेट संघ (क्यान) ले लिगका लागि खेलाडीहरुको अक्सन गराएको हो । अक्सनमा मकवानपुरका रिजन ढकाललाई चितवनले १० लाखमा र शुभ कंशाकार लाई जनकपुरले ५ लाख रुपैयाँमा किनेको छ ।

बायाँ हाते तीव्र गतिका बलर ढकाल आधार मूल्यमा विक्री भएका हुन् । उनलाई चितवन राइनोजले १० लाखमा किनेको हो । ढकाल ग्रेड 'ए' मा थिए । नेपाली राष्ट्रिय क्रिकेट 'ए' टिमका नियमित खेलाडीसमेत रहेका ढकालले क्यानडा ट्वान्टी-२० त्रिकोणात्मक सिरिजमा उत्कृष्ट प्रदर्शन गरेका थिए । रिजन अहिले पनि क्यानडामै छन् र उनी अब राष्ट्रिय टिमसँगै अमेरिका जाँदैछन् । १६ वर्ष उमेर समूह र १९ वर्ष उमेर समूहमा राष्ट्रिय टिममा सहभागी भएका रिजन हालै सिनियर राष्ट्रिय टिममा पनि समावेश भएका हुन् ।

एनपिएलको अक्सनमा शुभ कंशाकारलाई जनकपुर बोल्टले ५ लाखमा किनेको छ । आइतबार भएको अक्सनमा 'सी' क्याटागोरीमा रहेका दायाँ हाते व्याट्सम्यान कंशाकारलाई जनकपुरले किनेको हो । कंशाकार मकवानपुर जिल्लाको टिमबाट ओपनर व्याट्सम्यानको रुपमा राम्रो खेल प्रदर्शन गर्दै आएका छन् । 'सी' क्याटागोरीमा रहेका कंशाकारलाई अधिकतम् मूल्य अर्थात् ५ लाख रुपैयाँमा जनकपुरले किनेको हो । 'सी' क्याटागोरीका खेलाडीको आधारमूल्य २ लाख रुपैयाँ रहेको थियो भने अधिकतम् मूल्य ५ लाख रुपैयाँ रहेको थियो ।

कंशाकार उमेर समूहतर्फ यु-१९ देखि नै क्रिकेट खेलिरहेका छन् । प्रदेशस्तरीय प्रतियोगितामा समेत राम्रो प्रदर्शन गर्दै आएका कंशाकारले एनपिएलमा प्रभावशाली खेल प्रदर्शन गर्न सक्ने मकवानपुर जिल्ला क्रिकेट संघका सचिव विनोद बानियाँ बताउनुहुन्छ । ५ वर्षदेखि मकवानपुर जिल्लाको टिममा महत्वपूर्ण खेलाडी रहँदै आएका २४ वर्षीय कंशाकार एनपिएलमा राम्रो प्रदर्शन गर्दै राष्ट्रिय टिममा सहभागी हुने सम्भावना समेत रहेको बानियाँ बताउनुहुन्छ । एनपिएल अक्सनमा मकवानपुरका तक्षक सिम्खडा र रामनरेश गिरी भने बिकेनन् ।

आइतबार भएको अक्सनमा डेढ सयभन्दा बढी खेलाडी सहभागी भएको क्यानले जनाएको छ । लिग आगामी मंसिर १५ गते (नोभेम्बर ३०) देखि पुस ६ गते (डिसेम्बर २१) सम्म कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुने छ । प्रतियोगिताका लागि असोज ५ गते खेलाडीको दर्ता प्रक्रिया खुला गरिएको थियो । उक्त दर्ता प्रक्रिया असोज १२ गते बन्द भएको थियो । अक्सनका लागि ४ सय २३ खेलाडी दर्ता भएका थिए । त्यसमध्ये नेपाल प्रिमियर लिग समितिले १ सय ४२ खेलाडीलाई अक्सनमा सहभागी गराउने निर्णय गरेको थियो । तर, केही खेलाडी छुटपुट पनि भएको भन्दै क्यानले अक्सनमा खेलाडी बढाएर राख्ने निर्णय गरेको थियो । एनपीएलमा ८ वटा टिमको सहभागिता रहने छ ।

# ७ 'ए' साइड फुटबल प्रतियोगिताको उपाधि कुमारी एफसीले जित्यो

समाज संवाददाता

हेटौंडाः भुटनदेवी क्लबको आयोजनाना भएको ७ 'ए' साइड फुटबल प्रतियोगिताको उपाधि कुमारी एफसीले जितेको छ । आइतबार हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पसको चौरमा सम्पन्न भएको फाइनल खेलमा नागस्वती फुटबल एकेडेमीलाई टाइब्रेकरमा २-० गोलले हराउँदै कुमारीले उपाधि जितेको हो ।

उपाधि जितेसँगै कुमारी एफसीको टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता नागस्वतीको टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । खेलको म्यान अफ द म्याच विजेता टिमको दीपेश चाम्लिङ घोषित भएका छन् ।

खेलको निधारित समय गोलरहित बराबरीमा रोकिएपछि नतिजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै कुमारी एफसीका विश्व लामाले ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् । यस्तै, भुटनदेवीका हाइ स्कोरर सुरज थिङ, प्रशिक्षक कुमारीका मनिष कार्की, डिफेन्डर कुमारीका शिशम थापा र नगस्वतीका रोजक थिङ उत्कृष्ट गोलरक्षक घोषित भएका छन् । सेजन खड्गेको संयोजकत्वमा भएको प्रतियोगितामा २३ वटा टिमको सहभागिता रहेको थियो । क्लबका अध्यक्ष राजु विष्टको सभाध्यक्ष तथा हेटौंडा उपमहानगर पालिका १० नम्बर वडाका वडाध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको थियो ।

# मनहरीको सिम्पानीले जित्यो पिप्ले हासु फुटबलको उपाधि

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको राप्ती नगर पालिका-१ मा भएको प्रथम संस्करणको पिप्ले हासु कप फुटबल प्रतियोगिताको उपाधि मकवानपुरको मनहरी गाउँपालिकाको एफसी सिम्पानीले जितेको छ । आइतबार सम्पन्न फाइनल खेलमा राप्ती नगरपालिकाको जागृति युवा क्लबलाई २-० गोलले हराउँदै एफसी सिम्पानीले उपाधि जितेको हो ।

उपाधि जितेसँगै सिम्पानीको टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाण प्राप्त गरेको छ । उपविजेता बनेको जागृति युवा क्लबले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । सिम्पानीको जीतमा राहुल थापा मगरले २ गोल गरेका थिए । उनले पहिलो हाफको १५ औं मिनेटमा र दोस्रो हाफको १७ औं मिनेटमा समान एक-एक गोल गरेका हुन् । गोलकर्ता थापा म्यान अफ द म्याच भए । प्रतियोगिता हाईस्कोरर पनि थापा नै घोषित भएका हुन् ।

राप्ती नगरपालिकाको पिप्ले युवा समाजको आयोजना तथा हासु एजुकेशनल कन्सल्टेन्सी प्रालिको सहयोगमा प्रतियोगिता भएको हो । बिहीबार भएको सेमिफाइनल खेलमा मनहरी गाउँपालिकाकै सयपत्री युवा क्लबलाई २-० गोलले हराउँदै सिम्पानीले फाइनलको यात्रा तय गरेको सिम्पानीका खेलाडी प्रकाश तामाङले जानकारी दिनुभयो । जागृति युवा क्लबले राप्ती नगरपालिकाकै मनकामना युवा समाजलाई १-० गोलले हराउँदै फाइनलको यात्रा पूरा गरेको थियो । असोज ५ गतेबाट सुरु भएर २० गते सम्पन्न भएको प्रतियोगितामा १६ टिमको सहभागिता रहेको थियो । राप्ती नगरपालिका वडा नम्बर १ का वडाध्यक्ष सिद्धिलाल स्याङ्तानको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको थियो ।

वडा दसैंको शुभकामना

वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, शिक्षासेवी, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विष्णु श्रेष्ठ, प्रधानाध्यापक
एवम् महेन्द्र माध्यमिक विद्यालय परिवार
हेटौंडा-१३, पद्मपोखरी

डेंगीबाट बच्ने उपायहरु

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडाँलाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झयाल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना–काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वडा दसैंको शुभकामना

वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, शिक्षासेवी, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

परमानन्द सरोज कर्ण, प्रधानाध्यापक
एवम् सिद्धार्थ माध्यमिक विद्यालय परिवार
हेटौंडा-२, मकवानपुर

वडा दसैंको शुभकामना

वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, शिक्षासेवी, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जीधराज ढकाल, प्रधानाध्यापक
एवम् चन्द्रोदय माध्यमिक विद्यालय परिवार
हेटौंडा-८, मकवानपुर

वडा दसैंको शुभकामना

वर्षको प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, शिक्षासेवी, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भुपेन्द्र चौलागाई, प्रधानाध्यापक
एवम् जनप्रिय माध्यमिक विद्यालय प्राविधिक शिक्षालय परिवार
हेटौंडा-१६, मकवानपुर

उपभोक्ताप्रति सचेत बनौं

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर विक्रि वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलिमतोमा महङ्गो मूल्य निर्धारण गर्न पाइदैन/हुँदैन ।

यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खवर गरौं ।

हेटौडा उपमहानगरपालिका
नगरकार्यपालिकाको, कार्यालय

उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं

वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमाः

- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, व्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं ।

हेटौडा उपमहानगरपालिका
नगरकार्यपालिकाको, कार्यालय

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ